*सुदूरपश्चिम प्रदेश कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५

प्रमाणीकरण मिति

२०७५।६।८

संशोधन

केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७६ २०७६।५।४

प्रस्तावनाः प्रदेशको समग्र विकासको लागि कर तथा गैरकर राजस्व लगाउने तथा उठाउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १९७ बमोजिम *सुदूरपश्चिम प्रदेश को प्रदेश सभाले यो ऐन बनाएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "*सुदूरपश्चिम प्रदेश कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो ऐन *सुदूरपश्चिम प्रदेशभर लागू हुनेछ र यस ऐन बमोजिमको कर वा गैरकर राजस्व बुझाउनु पर्ने दायित्त्व भएको व्यक्ति जहाँसुकै रहे बसेको भए पनि निजको हकमा समेत लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आर्थिक ऐन" भन्नाले सालबसाली रुपमा प्रदेश सरकारले जारी गर्ने आर्थिक ऐन सम्झनु पर्छ ।

---

* केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७६ द्वारा संशोधित

(ख) "कम्पनी" भन्नाले प्रचलित नेपाल कानून बमोजिम स्थापना भएको कम्पनी सम्झनु पर्छ र सो शब्दले प्रचलित नेपाल कानून बमोजिम स्थापित संगठित संस्था समेतलाई जनाउँछ ।

(ग) "कर" भन्नाले प्रदेशको आर्थिक ऐन बमोजिमको कर सम्झनु पर्छ ।

(घ) "कर अधिकृत" भन्नाले प्रदेश सरकारले दफा ५ बमोजिम नियुक्त गरेका प्रदेश कर प्रमुख, निर्देशक, कर प्रमुख, शाखा अधिकृत र कर अधिकृत सम्झनु पर्छ र सो शब्दले कर अधिकृतको रुपमा काम गर्ने जिम्मेवारी सुम्पेको वा कर अधिकृतको प्रत्यायोजित अधिकार प्रयोग गर्ने प्रदेश सरकारको अधिकृतस्तरको कर्मचारीलाई समेत जनाउँछ ।

(ङ) "कर कार्यालय" भन्नाले प्रदेशमा कर सम्बन्धी काम, कारबाही र निर्णय गर्ने विभाग, महाशाखा, शाखा वा सो प्रयोजनको लागि तोकिएको कार्यालयको रुपमा रहेको प्रदेश सरकार अन्तर्गतको संगठन संरचना सम्झनु पर्छ ।

(च) "करदाता" भन्नाले कर तिर्नु पर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले कर अधिकृतले कुनै करको विवरण बुझाउन सूचना दिएको वा अरु कुनै कारबाही प्रक्रिया शुरु गरेको व्यक्तिलाई समेत जनाउँछ ।

(छ) "कर निर्धारण" भन्नाले कर अधिकृतले गरेको कर निर्धारण सम्झनु पर्छ र सो शब्दले कर निर्धारण र संशोधित कर निर्धारण समेतलाई जनाउँछ ।

(ज) "कर राजस्व" भन्नाले गैरकर बाहेकको अन्य राजस्व सम्झनु पर्छ ।

(झ) "कृषि आय" भन्नाले प्रदेश भित्रको कृषियोग्य जमिनको प्रयोगबाट उत्पादित कृषि उपजको आम्दानी सम्झनु पर्छ ।

(ञ) "कृषि योग्य जमिन" भन्नाले निजी वन र नर्सरी वा खरबारी बाहेकका कृषि कार्यमा प्रयोग भएको जमिनलाई सम्झनु पर्छ ।

(ट) "कूल कृषि आय" भन्नाले यस ऐन बमोजिम निर्धारण गरिएको कुनै एक आर्थिक वर्षको कूल कृषि आयलाई सम्झनु पर्छ ।

(ठ) "गैरकर राजस्व" भन्नाले कर राजस्व बाहेकका अन्य राजस्व सम्झनु पर्छ ।

CamScanner

(ङ) "नगरपालिका" भन्नाले महानगरपालिका र उपमहानगरपालिका समेतलाई सम्झनु पर्छ ।

(ढ) "परिवार" भन्नाले प्राकृतिक व्यक्तिको पति, पत्नी र अंश छुट्टिए वा नछुट्टिएका सन्तान सम्झनु पर्छ ।

(ण) "प्रदेश" भन्नाले *सुदूरपश्चिम प्रदेशलाई सम्झनु पर्छ ।

(त) "प्रदेश कर प्रमुख" भन्नाले प्रदेश सरकारले कर प्रशासन सम्बन्धी प्रमुख जिम्मेवारी तोकी नियुक्त गरेको अधिकृतस्तरको कर्मचारी सम्झनु पर्छ र सो शब्दले त्यसरी प्रदेश कर प्रमुख नियुक्त नभएको अवस्थामा आर्थिक मामिला तथा योजना मन्त्रालयको सचिवलाई समेत जनाउँछ ।

(थ) "फर्म" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको जुनसुकै फर्म सम्झनु पर्छ ।

(द) "व्यक्ति" भन्नाले कर तिर्नुपर्ने दायित्त्व भएको जुनसुकै व्यक्ति सम्झनु पर्छ ।

(ध) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

परिच्छेद-२

राजस्व निर्धारणका आधार र कर प्रशासन

३. कर तथा गैरकर राजस्व निर्धारणका आधारः (१) कर राजस्व देहायका आधारमा निर्धारण गरिनेछः-

(क) कर तिर्न सक्ने क्षमता,

(ख) कर प्रणाली समानता र न्यायमा आधारित हुने अवस्था,

(ग) कर प्रशासन सरल, पारदर्शी र मितव्ययी हुने अवस्था,

(घ) नागरिकको सुविधा,

(ङ) स्वेच्छिक रुपमा कर तिर्न प्रेरित हुने वातावरणको सृजना,

(च) करको आधार, करको दर र कर तिर्ने अवधिको सुनिश्चितता ।

---

* केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७६ द्वारा संशोधित

CamScanner

(२) गैरकर राजस्व उपलब्ध गराइने सेवा, सहुलियत र सुविधाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी निर्धारण गरिनेछ ।

४. कर प्रशासनः (१) यस ऐन बमोजिमको कर तथा गैरकरको प्रशासन प्रदेश कर विभागले गर्नेछ । प्रदेश कर विभाग गठन नभएसम्म कर प्रशासनको जिम्मेवारी आर्थिक मामिला तथा योजना मन्त्रालयको हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कर प्रशासन व्यावसायिक, दुरुस्त र प्रभावकारी बनाउन आवश्यकता अनुसार प्रदेश कर कार्यालयहरु रहन सक्नेछन् ।

५. कर्मचारी सम्बन्धी व्यवस्थाः (१) प्रदेश सरकारबाट स्वीकृत दरवन्दी अनुसारका विभिन्न तहका कर्मचारी कर कार्यालयमा रहन सक्नेछन् ।

(२) कर कार्यालयमा आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रचलित कानून बमोजिम स्वीकृत दरवन्दीका आधारमा कर्मचारीहरुलाई काममा लगाउन सक्नेछ ।

६. कर अधिकृतको काम, कर्तव्य र अधिकारः यस ऐनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कर अधिकृतको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) करदाता दर्ता गर्ने,

(ख) करदाताबाट विवरण प्राप्त गर्ने,

(ग) कर परीक्षण तथा अनुसन्धान गर्ने,

(घ) कर संकलन गर्ने,

(ङ) कर तथा गैर कर राजस्व चुहावट रोक्न अनुगमन, निरीक्षण, नीति नियम बनाउने र आवश्यक कार्य गर्ने,

(च) करदाता मैत्री वातावरण बनाउन उपयुक्त र आवश्यक कार्य गर्ने,

(छ) कर सम्बन्धी जनचेतना अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने,

(ज) कर कानून र कर प्रशासनका क्षेत्रमा सुधार गर्नुपर्ने विषयमा प्रदेश सरकारलाई सुझाव दिने,

(झ) राजस्वको प्रक्षेपण गर्न आवश्यक सूचना उपलब्ध गराउने,

(ञ) करदाताका खातापाता र हरहिसाब दुरुस्त राख्न लगाउने,

(ट) कर सम्बन्धी अभिलेख दुरुस्त राख्ने,

(ठ) कर सम्बन्धी अन्य काम गर्ने,

CamScanner

(ङ) कर चुक्ता प्रमाणपत्र करदाताले मागेको अवस्थामा प्रदान गर्ने ।

७. अधिकार प्रत्यायोजनः (१) प्रदेश कर प्रमुखले यस ऐन बमोजिम आफूमा रहेको कर तथा गैरकर राजस्व उठाउने अधिकार कर कार्यालयका प्रमुख तथा कर अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कर कार्यालयका कर प्रमुखले आफूलाई प्राप्त अधिकार आवश्यकता अनुसार आफ्नो सामान्य रेखदेख र नियन्त्रणमा रहने गरी आफू मातहतका कर अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) कर कार्यालयको प्रमुख र कर अधिकृतले आफूलाई प्राप्त अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट कुनै खास निर्देशन भएकोमा सोही बमोजिम गर्नु पर्नेछ ।

८. प्रत्यायोजित अधिकार र जिम्मेवारीः (१) दफा ७ बमोजिम प्रत्यायोजन गरिएको अधिकारको जिम्मेवारी अधिकार प्रत्यायोजन गर्ने अधिकारीमा रहनेछ ।

(२) दफा ७ बमोजिम प्रत्यायोजित अधिकार प्रयोग गर्नेले सो अधिकारको प्रयोग गर्दा अधिकार प्रत्यायोजन गर्ने प्रति उत्तरदायी रही प्रयोग गर्नु पर्नेछ ।

परिच्छेद-३
कर तथा गैरकर

९. घर जग्गा रजिष्ट्रेशन शुल्कः (१) प्रदेशले आफ्नो क्षेत्रभित्र घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन गर्दा आर्थिक ऐन बमोजिम घर जग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर लगाउनेछ ।

(२) यस दफा बमोजिम तोकिएको शुल्क घर जग्गा रजिष्ट्रेशन गर्दाका बखत सम्बन्धित गाउँपालिका वा नगरपालिका वा आर्थिक ऐनमा तोकिएको निकायले संकलन गर्नेछ ।

(३) घर जग्गा रजिष्ट्रेशन शुल्क रजिष्ट्रेशन गर्दाको बखतमा रजिष्ट्रेशन पारित गरी गराई स्वामित्त्व प्राप्त गर्ने व्यक्तिलाई लाग्नेछ ।

(४) घर जग्गा रजिष्ट्रेशन शुल्क प्रत्येक कारोबारको लिखतमा उल्लेख भएको रकम वा सो प्रयोजनको लागि निर्धारण गरिएको न्यूनतम रकम मध्ये जुन बढी हुन्छ सो रकममा लाग्नेछ ।

CamScanner

(५) यस दफा बमोजिम घर जग्गा रजिष्ट्रेशन पारित गर्दाको अवस्थामा नेपाल सरकारले तोकेको दरमा पूँजीगत लाभकर असुल गरी नेपाल सरकारले तोकेको राजस्व खातामा जम्मा गर्नु पर्नेछ ।

(६) नेपाल सरकार, प्रदेश र स्थानीय तह तथा सरकारी निकायलाई घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन गर्दा कुनै शुल्क लाग्ने छैन ।

१०. <u>सवारी साधन कर</u>: (१) प्रदेशले सवारी साधनमा आर्थिक ऐन बमोजिम सवारी साधन कर लगाउनेछ ।

<u>स्पष्टीकरण</u>: यस दफाको प्रयोजनको लागि "सवारी साधन" भन्नाले इन्धन वा उर्जा प्रयोग गरी यान्त्रिक शक्तिबाट सडकमा चल्ने सवारी साधन सम्झनु पर्छ ।

(२) यस दफा बमोजिमको कर, कर कार्यालय वा प्रदेश सरकारले तोकेको निकायले संकलन गरी प्रदेश विभाज्य कोष खातामा जम्मा गर्नेछ ।

(३) उपदफा (१) बमोजिम सवारी साधन कर लगाउँदा सवारी साधनको प्रकृति र क्षमताका आधारमा समान प्रकृतिका सवारी साधनलाई समान दर कायम हुने गरी लगाइनेछ ।

(४) सवारी साधन भएका व्यक्तिले आफ्नो स्थायी ठेगाना वा बसाँइसराई गरेको स्थान वा रोजगार वा व्यवसायको सिलसिलामा तत्काल बसोबास गरेको स्थान वा कारोबार दर्ता रहेको स्थानमा रहेको प्रदेशको कर कार्यालय वा तोकिएको निकायमा तोकिए बमोजिम सवारी साधन दर्ता गरी सवारी साधन कर बुझाउनु पर्नेछ ।

(५) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि टाँगा, रिक्सा र विद्युतीय रिक्सामा सवारी साधन कर सम्बन्धित गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउनेछ ।

११. <u>मनोरन्जन कर</u>: (१) प्रदेशले चलचित्र घर, खेलकुद प्रतियोगिता, फन पार्क, पार्क, स्वीमिङ पूल, डिजिटल तथा एनालग टेलिभिजन, सांस्कृतिक कार्यक्रम, कन्सर्ट, नाटकघर, भिडियो घर, थियटर र मेला महोत्सवजस्ता मनोरन्जन स्थलमा देखाइने मनोरन्जनका साधनमा आर्थिक ऐन बमोजिम मनोरन्जन कर लगाउनेछ ।

(२) यस दफा बमोजिमको मनोरन्जन करबाट उठेको रकम मनोरन्जन स्थलका धनीले कर उठाएको महिनाभन्दा पछिको महिनाको २५ गतेभित्र विवरणसाथ सम्बन्धित गाउँपालिका वा नगरपालिकामा जम्मा गर्नु पर्नेछ ।

CamScanner

(३) यस दफा बमोजिमको कर प्रशासन गाउँपालिका वा नगरपालिकाले गर्नेछ।

(४) उपदफा (१) बमोजिमको मनोरन्जन कर मनोरन्जनको लागि एकमुष्ट तोकिएको अवस्थामा सोही बमोजिम अन्यथा मनोरन्जन स्थलको टिकटमा लाग्नेछ ।

१२. विज्ञापन करः (१) प्रदेशमा विज्ञापन सामग्री राखे वापत लाग्ने विज्ञापन कर सम्बन्धित गाउँपालिका वा नगरपालिकाले सम्बन्धित स्थानीय तहको कानून बमोजिम लगाउने र उठाउनेछ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "विज्ञापन सामग्री" भन्नाले होडिङ्ग बोर्ड, नियोन, डिजिटल डिस्प्ले, भित्ते लेखन, तुल, खम्बा वा सवारी साधन आदिमा राखीने सामग्री, पोष्टर, बेलुन जस्ता सामग्री सम्झनु पर्छ ।

(२) कुनै व्यक्ति वा फर्मले विज्ञापन सामग्री राख्न चाहेमा अनुमतिको लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदन पर्न आएमा गाउँपालिका वा नगरपालिकाले उचित देखेमा विज्ञापन कर लिई विज्ञापन सामग्री राख्न अनुमति दिन सक्नेछ ।

(४) गाउँपालिका वा नगरपालिकाले उपदफा (३) बमोजिमको अनुमति दिंदा विज्ञापन राख्न पाउने अवधि, नवीकरण गर्नु पर्ने समय, नवीकरण नगरेमा लाग्ने शुल्क, सौन्दर्य बिगार्न नहुने विषय, वातावरणीय स्वच्छता, विपद् जोखिम न्यूनीकरण गर्ने गरी, सार्वजनिक यातायातमा पर्न सक्ने असर, सामग्रीको भाषिक शुद्धता र शालीनता जस्ता विषयमा आवश्यक शर्त किटान गर्नेछ । ग्रामीण तथा शहरी सौन्दर्यलाई प्रतिकूल नहुने गरी स्थानीय तहले विज्ञापन सम्बन्धी नीति बनाई लागू गर्न सक्नेछ ।

(५) नेपाल सरकार, प्रदेश वा स्थानीय तह वा सरकारी संस्थाका जग्गा वा सम्पत्ति (पोल, पर्खाल आदि) प्रयोग गरी राखिएका विज्ञापन सामग्रीमा विज्ञापन कर उठाउनु अघि गाउँपालिका वा नगरपालिकाले सो निकायसँग आवश्यक स्वीकृति तथा समन्वय गर्नु पर्नेछ ।

(६) व्यापारिक वा व्यावसायिक प्रयोजनका लागि राखिएका विज्ञापनमा लागेको विज्ञापन कर छूट वा मिनाहा हुन सक्ने छैन ।

(७) नेपाल सरकार, प्रदेश र स्थानीय तहले राखेका विज्ञापनमा विज्ञापन कर लाग्ने छैन ।

CamScanner

(८) विज्ञापन कर असुल सम्बन्धी अन्य व्यवस्था गाउँपालिका वा नगरपालिकाको कानून बमोजिम हुनेछ ।

१३. <u>कृषि आयमा कर</u>: (१) प्रदेशले आफ्नो क्षेत्र भित्रको कृषि उपजको बिक्रिबाट प्राप्त हुने आयमा आर्थिक ऐन बमोजिम कृषि आय कर लगाउनेछ ।

<u>स्पष्टीकरण</u>: यस दफाको प्रयोजनको लागि "कृषि उपज" भन्नाले धान, गहुँ, कोदो, फापर, मकै, फलफूल, तरकारी, आलु, मासुजन्य पदार्थ, माछा, दूध, तेलहन, दलहन जस्ता खाद्य वस्तु तथा नगदे बालीको उपज सम्झनु पर्छ ।

(२) यस दफा बमोजिमको कर, कर कार्यालय वा प्रदेश सरकारले तोकेको कार्यालयले संकलन गरी प्रदेश सञ्चित कोषमा जम्मा गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको कर स्वयं कर विवरणको आधारमा वार्षिक रुपमा आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र बुझाउनु पर्नेछ ।

(४) कृषियोग्य जमिनलाई कृषि कार्यमा उपयोग नगरी एक वर्षभन्दा बढी बाँझो राखेको पाईएमा जमिन बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहन गर्नको लागि आर्थिक ऐन बमोजिम कर लगाईनेछ ।

(५) कृषियोग्य जमिनलाई कृषि कार्यमा उपयोग नगरी अन्य प्रयोगमा ल्याईएको पाईएमा अनुमानित आय कायम गरी कर लगाईनेछ ।

(६) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विपदको अवस्थामा प्रदेश सरकारले आफ्नो क्षेत्रभित्रको सबै किसिमको वा कुनै खास किसिमको कृषि आयमा लाग्ने कर पूर्ण वा आंशिक रुपमा छुट दिन सक्नेछ ।

१४. <u>पर्यटन शुल्क</u>: (१) प्रदेशले आफैं निर्माण गरेको र नेपाल सरकारबाट हस्तान्तरण भई आएको पर्यटकीय स्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा सेवाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी आर्थिक ऐन बमोजिम पर्यटन शुल्क लगाई उठाउन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशले आफ्नो क्षेत्रभित्र पर्यटक प्रवेश गरेको आधारमा मात्र पर्यटन शुल्क लगाइने छैन ।

१५. <u>प्राकृतिक श्रोत कर</u>: (१) प्रचलित कानूनले अन्यथा व्यवस्था गरेकोमा बाहेक प्राकृतिक स्रोतमध्ये आफ्नो क्षेत्रभित्र ढुङ्गा, गिट्टी, बालुवा, माटो र दहत्तर बहत्तरको संकलनमा प्रदेशले कर लगाउनेछ ।

CamScanner

(२) गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्र ढुङ्गा, गिट्टी, माटो, बालुवा र दहत्तर बहत्तरको संकलन गर्नु अघि प्रचलित कानून बमोजिम आवश्यक पर्ने स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन र कार्ययोजना प्रदेश सरकारको विषयगत मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको स्वीकृत वातावरणीय अध्ययन र कार्ययोजना प्राप्त भएमा प्रदेशको विषयगत मन्त्रालयले नेपाल सरकारको नीतिको अधीनमा रही वातावरणमा प्रतिकूल असर नपर्ने तथा सर्वसाधारण जनताको हित हुने देखेमा गाउँपालिका वा नगरपालिकालाई त्यस्तो क्षेत्रमा ढुङ्गा, गिट्टी, माटो, बालुवा र दहत्तर बहत्तर संकलन गर्न गराउन आवश्यक शर्त तोकी वा नतोकी स्वीकृति दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम स्वीकृति प्राप्त भएमा गाउँपालिका वा नगरपालिकाले त्यस्तो क्षेत्रमा ढुङ्गा, गिट्टी, माटो, बालुवा र दहत्तर बहत्तर संकलन गरी गराई कर संकलन गर्नु पर्नेछ ।

(५) प्रदेश सरकारले गाउँपालिका वा नगरपालिकाले ढुङ्गा, गिट्टी, माटो, बालुवा र दहत्तर बहत्तर संकलन गर्दा अपनाउनु पर्ने कार्यविधि बनाई जारी गर्नेछ र त्यस्तो कार्यविधि गाउँपालिका वा नगरपालिकाले ढुङ्गा, गिट्टी, माटो, बालुवा र दहत्तर बहत्तर संकलन गर्दा वा गराउँदा पालना गर्नु पर्नेछ ।

१६. <u>सेवा शुल्क तथा दस्तुर</u>: प्रदेशले संविधानको अनुसूची-६, ७ र ९ बमोजिमका क्षेत्र र विषयमा आफूले पुऱ्याएको सेवा वापत सेवा शुल्क तथा दस्तुर लगाई उठाउन सक्नेछ।

परिच्छेद-४

<u>करदाता दर्ता</u>

१७. <u>करदाताको पहिचान तथा दर्ता</u>: (१) कसैले व्यवसाय सञ्चालन गर्न चाहेमा व्यवसाय गर्नु पूर्व दर्ता गरेर मात्र व्यवसाय सञ्चालन गर्नु पर्नेछ ।

(२) कर कार्यालयले यस ऐन बमोजिम कर तिर्नु पर्ने व्यक्ति वा करदाताको पहिचान गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम करदाताको पहिचान गर्दा व्यक्ति वा करदाताको नाममा रहेको सम्पत्ति, निजले गरेको कारोबार र कर कार्यालयलाई कुनै स्रोतबाट प्राप्त

CamScanner

सूचना र सो कार्यालयले छानबिन गर्दा देखिएका कुराहरूको आधारमा करदाताको पहिचान गरिनेछ ।

(४) कर कार्यालयले यस ऐन बमोजिम कर तिर्नु पर्ने दायित्त्व भएका करदाताको विवरण खुलाई करदाता दर्ता गरी राख्नु पर्नेछ । त्यसरी दर्ता भएका करदातालाई लेखा नम्बर उपलब्ध गराउनु पर्नेछ ।

(५) नेपाल सरकारबाट स्थायी लेखा नम्बर लिएका करदाताले कर सम्बन्धी कारोबार गर्दा सोही नम्बरको प्रयोग गर्नु पर्नेछ ।

१८. <u>करदाताको दायित्त्व</u>ः यस ऐन बमोजिम कर तिर्नु पर्ने कर्तव्य भएका करदाताको देहाय बमोजिमको दायित्त्व हुनेछः-

(क) आफूलाई करदाताको रूपमा दर्ता गराउने,

(ख) निर्धारित समयमा विवरण पेश गर्ने,

(ग) निर्धारित समयमा कर दाखिला गर्ने,

(घ) यस ऐन बमोजिम कुनै शुल्क, जरिवाना वा व्याज बुझाउनु पर्ने भए समयमा बुझाउने,

(ङ) हिसाब किताब र अभिलेख दुरुस्त राख्ने,

(च) कर अधिकृतले मागेको सूचना तथ्याङ्क समयमा उपलब्ध गराउने,

(छ) कर कार्यालयलाई आवश्यक सहयोग गर्ने ।

१९. <u>करदाताको अधिकार</u>ः (१) करदातालाई देहाय बमोजिमको अधिकार हुनेछः-

(क) सम्मानपूर्वक व्यवहारको अधिकार,

(ख) प्रचलित कानून बमोजिम कर सम्बन्धी सूचना प्राप्त गर्ने अधिकार,

(ग) कर सम्बन्धी विषयमा प्रमाण पेश गर्ने मौका प्राप्त गर्ने अधिकार,

(घ) प्रतिरक्षाको लागि कानून व्यवसायी वा लेखापरीक्षक नियुक्त गर्ने अधिकार,

(ङ) कर सम्बन्धी गोप्य कुराहरु यस ऐनमा उल्लेख भए बाहेक अनतिक्रम्य हुने अधिकार ।

(२) करदाताले उपदफा (१) बमोजिमको अधिकारको दावी गर्न आफ्नो दायित्त्व पूरा गरेको हुनु पर्नेछ ।

CamScanner

२०. करदाताको प्रतिनिधित्वः (१) करदाताको प्रतिनिधित्व करदाताको परिवारको उमेर पुगेको सदस्य, माथवर व्यक्ति वा निजको कानून व्यवसायी वा लेखापाल वा लेखापरीक्षक वा निजले लिखित रूपमा अख्तियारी दिई पठाएको उमेर पुगेको वारेसले गर्न सक्नेछ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "उमेर पुगेको" भन्नाले अठार वर्ष उमेर पुगेको व्यक्ति सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम प्रतिनिधित्व गर्न सक्ने व्यक्तिका तर्फबाट गरिएका काम कारबाही करदाता स्वयंले गरेको मानिनेछ ।

परिच्छेद-५

कर विवरण र कर दाखिला

२१. विवरण दाखिला गर्न आदेश दिन सक्नेः (१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको व्यक्तिले कर विवरण नबुझाएमा वा विवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शंका गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोली कर विवरण दाखिला गर्न आदेश दिन सक्नेछ । त्यस्तो आदेश प्राप्त भएमा सम्बन्धित व्यक्तिले सो आदेश प्राप्त भएको मितिले पन्ध्र दिनभित्र कर कार्यालयमा विवरण दाखिला गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको म्याद भित्र विंवरण दाखिला गर्न नसक्ने सम्बन्धित व्यक्तिले आधार र कारण खोली समय अवधि थपको लागि निवेदन दिएमा कर अधिकृतले बढीमा तीस दिनसम्मको अवधि थप्न सक्नेछ ।

२२. विवरण सच्याउन सकिनेः यस परिच्छेद बमोजिमको कर विवरण दाखिला भइसकेपछि कुनै गणितीय भूल भएको भन्ने लागेमा करदाताले विवरण दाखिला भएको मितिले एक महिनाभित्र यथार्थ र सही अंक सहितको अर्को विवरण पेश गर्न सक्नेछ ।

२३. कर दाखिला गर्नुपर्नेः (१) यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर यस ऐनमा उल्लेख भएकोमा सोही समयमा र समय उल्लेख नभएको हकमा प्रत्येक आर्थिक वर्षको आश्विन मसान्त भित्र कर कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

(२) यस ऐन बमोजिम अग्रीम करकट्टी गरी दाखिला गर्नु पर्ने कर करकट्टी भएको महिना पछिको महिनाको २५ गतेभित्र कर कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

२४. <u>कर दाखिलाको निस्सा दिनु पर्नेः</u> करदाताले यस ऐन बमोजिम बुझाउनु पर्ने कर वा गैरकर राजस्व वा अन्य रकम बुझाएपछि करदातालाई तत्काल त्यसको निस्सा दिनु पर्नेछ ।

परिच्छेद-६

कर फिर्ता र समायोजन

२५. <u>कर फिर्ता सम्बन्धी व्यवस्थाः</u> (१) करदाताले यस ऐन बमोजिम कर बुझाउँदा तिर्नुपर्ने भन्दा बढी कर दाखिला गरेकोमा सो दाखिला गरेको एक वर्षभित्र बढी तिरेको कर रकम फिर्ता माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम फिर्ताको लागि निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा करदाताले बुझाउन कुनै रकम बाँकी भएमा त्यसमा मिलान गरी बाँकी रहेको रकम कर अधिकृतले निवेदन परेको साठी दिनभित्र फिर्ता दिनु पर्नेछ ।

२६. <u>कर समायोजन सम्बन्धी व्यवस्थाः</u> (१) करदाताले दफा २५ बमोजिम फिर्ता पाउने ठहरिएको रकम निजले दाखिला गर्नु पर्ने कर रकममा समायोजन गर्न कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको एक महिनाभित्र माग बमोजिम समायोजन गर्न आदेश दिनु पर्नेछ ।

परिच्छेद-७

कर परीक्षण, निर्धारण र संकलन

२७. <u>कर परीक्षणः</u> (१) यस ऐन बमोजिम करदाताले विवरण पेश नगरेको वा पेश गरेको विवरणमा देहायका सबै वा कुनै अवस्थामा कर अधिकृतबाट कर परीक्षण गरी कर निर्धारण गरिनेछः-

(क) खातापाता, हरहिसाब वा अभिलेख दुरुस्त नदेखिएमा,

(ख) गलत वा झुट्ठा विवरण कागजात संलग्न गरेको देखिएमा,

(ग) यथार्थ कारोबार नदेखाएको विश्वास गर्नुपर्ने कारण भएमा,

(घ) कारोबारका आधारमा करको दायित्त्व कम देखाएकोमा,

(ङ) करको दर फरक पारेकोमा,

CamScanner

(च) कानून बमोजिम कर छुट वा मिनाहा हुन नसक्नेमा सोको दावी गरेकोमा ।

(२) उपदफा (१) बमोजिम कर निर्धारण गर्नुपर्ने देखिएमा करदातालाई आधार र कारण खुलाई आफ्नो स्पष्टीकरण पेश गर्न तीस दिनको सूचना दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूचना प्राप्त भएकोमा करदाताले सूचनामा तोकिएको म्यादभित्र आफ्नो स्पष्टीकरण पेश गर्नु पर्नेछ ।

(४) कर अधिकृतले उपदफा (३) बमोजिम तोकिएको म्यादभित्र करदाताले स्पष्टीकरण पेश गरेमा सो समेतलाई आधार बनाई र स्पष्टीकरण पेश नगरेमा कानून बमोजिम कर निर्धारण गर्नु पर्नेछ ।

(५) स्वयं कर निर्धारण गरी विवरण पेश गरेको मितिले चार वर्षभित्र कर अधिकृतले पुनः कर निर्धारण वा संशोधित कर निर्धारण गर्नु पर्ने सन्तोषजनक आधार र कारण भएमा करदातालाई सफाइको मौका दिई त्यस्तो कर निर्धारण गर्न सक्नेछ ।

(६) कुनै व्यक्तिले झुट्ठा लेखा वा बीजक वा अन्य कागजात तयार गरी वा जालसाजी गरी कर छलेको रहेछ भने कर अधिकृतले जुनसुकै बखत पुनः कर निर्धारण गर्न गराउन सक्नेछ ।

२८. <u>कर निर्धारणको सूचना</u>: (१) यस ऐन बमोजिम कर अधिकृतबाट कर निर्धारण भएकोमा बुझाउनु पर्ने कर रकम, स्थान, समय सीमा र बैंक खाता नम्बर समेत उल्लेख गरी करदातालाई कर निर्धारणको सूचना दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कर निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लिखित स्थान र समय सीमाभित्र कर दाखिला गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको कर रकम बैंक दाखिला गरिएकोमा करदाताले त्यसको भौचर सम्बन्धित कर कार्यालयमा बुझाउनु पर्नेछ ।

२९. <u>कर असुल गर्न सक्ने</u>: (१) यस ऐन बमोजिम असुल उपर गर्नु पर्ने कर, व्याज र शुल्क बापतको रकम करदाताले यस ऐनमा तोकिएको अवधिमा दाखिला नगरेमा कर अधिकृतले प्रदेश कर प्रमुखको पूर्व स्वीकृति लिई देहायको एक वा एकभन्दा बढी तरिका बमोजिम कर असुल गर्न सक्नेछः-

(क) करदातालाई फिर्ता गर्नु पर्ने रकम भए त्यसमा कट्टा गरेर,

CamScanner

(ख) नेपाल सरकार, प्रदेश, स्थानीय तह वा सरकारी स्वामित्वका संस्थाबाट करदाताले पाउने रकमबाट कट्टा गर्न लगाएर,

(ग) कुनै तेस्रो व्यक्तिले करदातालाई तिर्नुपर्ने रकम करदाताको पूर्व सहमति लिई कट्टा गरेर,

(घ) बैंक वा वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टा गर्न लगाएर,

(ङ) करदाताको कारोबार रोक्का गरेर,

(च) करदाताको चल तथा अचल सम्पत्ति माथि दावी वा कब्जा गरेर,

(छ) करदाताको सम्पत्ति एकैपटक वा पटकपटक गरी तोकिए बमोजिम लिलाम बिक्री गरेर ।

(२) उपदफा (१) को खण्ड (छ) बमोजिम लिलामको कारबाही शुरु भएपछि सो कारबाही समाप्त हुनुपूर्व कर दाखिला गर्न ल्याएमा बुझाउन बाँकी कुल रकमको थप पाँच प्रतिशत शुल्क सहित असुल गरिनेछ ।

(३) लिलामबाट प्राप्त रकम करदाताले तिर्नु पर्ने कर रकमभन्दा बढी भएमा बढी भएजति रकम साठी दिनभित्र सम्बन्धित करदातालाई फिर्ता दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम रकम फिर्ता गर्दा निजले उपलब्ध गराएको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ ।

३०. <u>किस्ताबन्दीमा कर असुली</u>: कुनै खास करदातालाई बिशेष परिस्थितिमा समयमा कर तिर्न नसक्ने कारण भई सो कुराको निवेदन गर्न आएमा कर अधिकृतले जाँचबुँझ गर्दा कारण सन्तोषजनक देखिएमा पर्चा खडा गरी बढीमा एक वर्षभित्र तीन किस्तामा कर दाखिला गर्न आदेश दिन सक्नेछ । तर ढिला बुझाए बापत यस ऐन बमोजिम लाग्ने व्याज मिन्हा हुने छैन ।

परिच्छेद-८

व्याज, शुल्क र जरिवाना

३१. <u>जरिवाना लाग्ने</u>: यस ऐनको पालना नगरी करको दायित्त्व घटाएमा कर अधिकृतले कर बिगोको पच्चीस प्रतिशत जरिवाना गर्न सक्नेछ ।

CamScanner

३२. <u>ब्याज लाग्ने</u>: यस ऐन बमोजिम दाखिला गर्नु पर्ने कर समयमा दाखिला नगरेमा तिर्नु बुझाउनु पर्ने बाँकी रकममा वार्षिक पन्ध्र प्रतिशत ब्याज लाग्नेछ ।

३३. <u>शुल्क लाग्ने</u>: (१) यस ऐन बमोजिम अभिलेख राख्नुपर्ने कर्तव्य भएका करदाताले अभिलेख नराखेमा प्रत्येक पटक पाँच हजार रुपैयाँ शुल्क लाग्नेछ ।

(२) यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले समयमा विवरण दाखिला नगरेमा प्रति विवरण पाँच सय रुपैयाँ शुल्क लाग्नेछ ।

(३) यस ऐन बमोजिम विवरण दाखिला गर्नु पर्ने दायित्व भएका करदाताले झुट्टा विवरण दाखिला गरी करको दायित्व घटाएमा फरक परेको कर रकम असुल गरी सोको पच्चीस प्रतिशत शुल्क लाग्नेछ ।

३४. <u>पुनः ब्याज नलाग्ने</u>: यस ऐन बमोजिम लाग्ने शुल्क, ब्याज र जरिवानामा पुनः ब्याज लाग्ने छैन ।

परिच्छेद-९

<u>पूर्वादेश, प्रशासकीय पुनरावलोकन र पुनरावेदन</u>

३५. <u>पूर्वादेश माग गर्न सक्ने</u>: (१) कुनै करदातालाई यस ऐन बमोजिम लगाइएको कर, दस्तुर, शुल्क वा ऐनका व्यवस्थाबारे दुविधा भएमा सोको निराकरणको लागि निजले प्रदेश कर प्रमुखसमक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन दिएकोमा प्रदेश कर प्रमुखले दुविधा निराकरण गर्न पूर्वादेश जारी गरी करदातालाई सो पूर्वादेश उपलब्ध गराउनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतमा विचाराधीन रहेको वा अदालतबाट निर्णय भइसकेको विषयमा यस दफा बमोजिम पूर्वादेश जारी गर्न सकिने छैन ।

(४) उपदफा (१) बमोजिमको पूर्वादेश प्रदेश कर प्रमुखले खारेज नगरेसम्म वा अदालतको आदेशबाट अन्यथा नभएसम्म कायम रहनेछ ।

३६. <u>प्रशासकीय पुनरावलोकन हुन सक्ने</u>: यस ऐन बमोजिमका देहायको निर्णयमाथि प्रशासकीय पुनरावलोकन हुन सक्नेछः-

(क) कर अधिकृतले गरेको कर निर्धारण, पुनः कर निर्धारण र संशोधित कर निर्धारण सम्बन्धी निर्णय,

(ख) यस ऐन बमोजिम लाग्ने वा लागेको कर र गैरकर राजस्व तथा अन्य दस्तुर, शुल्क, व्याज सम्बन्धी निर्णय ।

३७. <u>प्रशासकीय पुनरावलोकनको प्रक्रिया</u>: (१) यस ऐन बमोजिम कर निर्धारणको निर्णय उपर चित्त नबुझ्ने करदाताले सो निर्णय भएको मितिले तीस दिनभित्र विवाद रहित कर र जरिवाना रकम बुझाई विवादित कर र जरिवाना रकमको एक तिहाई रकम नगद धरौटी संलग्न गरी तोकिएको ढाँचामा प्रदेश कर प्रमुख समक्ष प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदनको म्याद गुज्रिन गएमा त्यस्तो म्याद गुज्रेको मितिले सात दिनभित्र प्रदेश कर प्रमुख समक्ष निवेदन दिन सक्नेछ र त्यस्तो निवेदनमा उल्लेखित कारण मनासिव देखिएमा प्रदेश कर प्रमुखले म्याद गुज्रेको मितिबाट तीस दिन म्याद थप गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रशासकीय पुनरावलोकनको लागि परेको निवेदन उपर साठी कार्यदिन भित्र कारबाही र किनारा गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम परेको निवेदन उपर छानविन गर्दा त्यस्तो निवेदन जिकिर मनासिव देखिन आएमा स्पष्ट कारण खुलाई पर्चा खडा गरी पुनः कर निर्धारण गर्न प्रदेश कर प्रमुखले आदेश दिन सक्नेछ ।

३८. <u>उजुरी नलाग्ने</u>: यस ऐन बमोजिम प्रशासकीय पुनरावलोकन गर्न सकिने विषयमा त्यस्तो पुनरावलोकन नभई कुनै अदालतमा कुनै उजुर लाग्ने छैन ।

३९. <u>पुनरावेदन दिन सक्ने</u>: (१) प्रशासकीय पुनरावलोकनको निर्णय भएकोमा सो मितिले र दफा ३७ को उपदफा (३) बमोजिम निर्णय नभएमा सो मिति समाप्त भएको मितिले चित्त नबुझ्ने पक्षले पैंतीस दिनभित्र विवाद रहित कर र जरिवाना रकम बुझाई विवादित कर र जरिवाना रकमको पचास प्रतिशत रकम नगद धरौटी संलग्न गरी तोकिएको ढाँचामा राजस्व न्यायाधीकरणमा पुनरावेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको राजस्व न्यायाधीकरणले गरेको निर्णय अन्तिम हुनेछ ।

CamScanner

समन्वय

४०. नेपाल सरकारसँग समन्वयः (१) प्रदेश सरकारले संघीय कानून वा यस ऐन बमोजिम असुल उपर गर्नु पर्ने कर वा गैरकर राजस्व असुल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन स्थानीय तह वा स्थानीय तहले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(३) प्रदेश सरकारले संविधानको साझा सूचीमा रहेका विषयसँग सम्बन्धित कर वा गैरकर राजस्वका आधार र दर वा कर प्रशासनका सम्बन्धमा नेपाल सरकारसँग समन्वय गर्न सक्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरी टुंगोमा पुगिएका विषयहरु यस ऐनमा परे सरह मानिनेछ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ ।

४१. स्थानीय तहसँग समन्वयः (१) प्रदेश सरकारले प्रदेश कानून वा यस ऐन बमोजिम असुल उपर गर्नु पर्ने कर वा गैरकर राजस्व असुल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन प्रदेश सरकारले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले स्थानीय तह वा स्थानीय सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(३) प्रदेश सरकारले संविधानको साझा सूचीमा रहेका विषयसँग सम्बन्धित कर वा गैर कर राजस्वका आधार वा दर वा कर प्रशासनका सम्बन्धमा स्थानीय तहसँग समन्वय गर्न सक्नेछ ।

CamScanner

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरिएका विषयहरु यस ऐनमा भए सरह मानिनेछ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ ।

४२. नेपाल राष्ट्र बैंकसँग समन्वयः प्रदेश सरकारले कर र गैरकर राजस्व संकलनलाई प्रभावकारी बनाउन बैंकिङ्ग प्रणालीमा आवद्ध गर्ने विषयमा नेपाल राष्ट्र बैंकसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

४३. अन्य संस्थासँग समन्वयः प्रदेश सरकार वा कर अधिकृतले कर तथा गैरकर राजस्वसँग सम्बन्धित विषयमा आवश्यकता अनुसार अन्य संस्थासँग समन्वय गर्न सक्नेछ ।

४४. राजस्व सम्बन्धी नयाँ प्रस्तावः (१) प्रदेश सरकारले कर तथा गैरकर सम्बन्धी नयाँ कर प्रस्ताव तयार गर्दा सरोकारवालासँग परामर्श गर्नु पर्नेछ ।

(२) प्रदेश र स्थानीय तहका साझा अधिकार सूचीभित्र रहेका कर तथा गैर कर सम्बन्धी विषयमा दर प्रस्ताव गर्दा र कर सम्बन्धी अन्य विषयमा समन्वयका लागि तोकिए बमोजिमको राजस्व परामर्श समिति गठन गरिनेछ ।

४५. सूचना सार्वजनिक गर्नु पर्नेः (१) प्रदेश सरकारले लगाएको कर र गैर कर राजस्व उठाउने कार्यालयको प्रमुखले सो कर, राजस्वका दर र त्यसमा भएको हेरफेर सम्बन्धी सूचना प्रदेश कानून बमोजिम सर्वसाधारणको लागि सार्वजनिक गर्नु पर्नेछ ।

(२) प्रदेश सरकारले उपदफा (१) बमोजिमका कर, राजस्वका दर र त्यसमा भएको हेरफेर समेत मिलाई प्रदेश सरकारको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) प्रदेश सरकारले कर र राजस्वका दर र हेरफेर सम्बन्धी विवरण केन्द्रीय सूचना प्रणालीमा समेत राख्ने प्रयोजनका लागि नेपाल सरकार, अर्थ मन्त्रालय वा सो मन्त्रालयले तोकेको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

परिच्छेद-११
विविध

४६. विद्युतीय माध्यमको प्रयोग गर्न सक्नेः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले विद्युतीय माध्यमबाट करदातालाई सूचना दिने, करदाताले

CamScanner

आफ्नो विवरण र प्रमाण पेश गर्ने, कर लगायतको तिर्नु बुझाउनु पर्ने रकम दाखिला गर्ने एवं कर वा त्यस्तो रकम बुझाएको रसिद दिने लगायतका कर सम्बन्धी अन्य काम कारबाही गर्न सकिने व्यवस्था गर्न सक्नेछ ।

४७. <u>ठेक्कामा लगाउन नपाइने</u>: प्रदेश सरकारले आफूले असुल गर्नु पर्ने कुनै कर वा राजस्व ठेक्का लगाई उठाउन पाइने छैन ।

तर अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम स्थानीय तहसँग समन्वय गरी कर उठाउन बाधा पुगेको मानिने छैन ।

४८. <u>कागजातको ढाँचा</u>: (१) यस ऐनको प्रभावकारी कार्यान्वयनको लागि प्रदेश सरकारले निर्देशिका, दिग्दर्शन, फाराम, ढाँचा, तरिका तोक्ने गरी सूचना जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका निर्देशिका, दिग्दर्शन, फाराम, ढाँचा, तरिका आदि सर्वसाधारणको जानकारीको लागि प्रदेश सरकारको सूचना पाटी, वेभसाइट आदिको माध्यमबाट उपलब्ध गराउनु पर्नेछ ।

४९. <u>सूचना तामेली रीत पुगेको मानिने</u>: (१) यस ऐन बमोजिम दिनु पर्ने म्याद, सूचना वा कागजात देहाय बमोजिम बुझाए वा पठाएमा सम्बन्धित व्यक्तिलाई बुझाएको वा दिइएको मानिनेछः-

(क) सम्बन्धित व्यक्तिलाई नै बुझाएको,

(ख) निजको परिवारको उमेर पुगेको सदस्यलाई बुझाएको,

(ग) निजको कानून व्यवसायी वा लेखापाललाई बुझाएको,

(घ) नावालिगको हकमा संरक्षक वा माथवर व्यक्तिलाई बुझाएको,

(ङ) कार्यालय संस्था वा निकायको हकमा प्रबन्धक वा प्रशासकीय प्रमुखलाई बुझाएको,

(च) करदाताको ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको,

(छ) करदाताको ठेगानामा राखिएको टेलिफ्याक्स, टेलेक्स वा अन्य विद्युतीय उपकरण मार्फत पठाएको,

(ज) करदाताको कारोबार परिसरमा सूचना टाँस गरेको ।

(२) कर कार्यालयको अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको, कम्प्यूटर प्रविधिबाट इनक्रिप्ट वा इनकोड गरिएको, छाप लगाइएको वा सो

CamScanner

कागजातमा लेखी यस ऐन बमोजिम जारी गरिएको, तामेली गरिएको वा दिइएको कागजातलाई रीतपूर्वकको मानिनेछ ।

५०. कागजातको अभिलेख राख्नेः (१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्त्व भएको प्रत्येक व्यक्ति वा करदाताले देहायका आवश्यक कागजातहरु सुरक्षित गरी राख्नु पर्नेछः-

(क) यस ऐन बमोजिम कर कार्यालयमा पेश गर्नु पर्ने कागजात र सोलाई पुस्ट्याइँ. गर्ने सूचना तथा कागजात,

(ख) कर निर्धारण गर्न सघाउ पुऱ्याउने कागजातहरु,

(ग) खर्च कट्टी गर्नु पर्ने भए सोलाई पुस्टयाइँ गर्ने कागजात ।

(२) कर कार्यालयले लिखित रुपमा सूचना जारी गरी अन्यथा तोकेकोमा बाहेक करदाताले यस दफा बमोजिमका कागजातहरु सम्बन्धित आय वर्ष समाप्त भएको मितिले कम्तीमा चार वर्षसम्म सुरक्षित राख्नु पर्नेछ ।

५१. अदालतलाई भए सरहको अधिकार हुनेः यस ऐनको प्रयोजनको लागि कर अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरु पेश गर्न लगाउने सम्बन्धमा प्रचलित नेपाल कानून बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ ।

५२. प्रहरीले सहयोग गर्नुपर्नेः यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमको कार्यान्वयन गर्ने सम्बन्धमा प्रदेश कर विभाग र कर कार्यालयले मागेको सहयोग प्रहरीले उपलब्ध गराउनु पर्नेछ ।

५३. कर अधिकृतको परिचयपत्रः कर कार्यालयमा काम गर्ने प्रत्येक कर अधिकृत र अन्य कर्मचारीले परिचयपत्र आफ्नो साथमा राख्ने, काम गर्ने समयमा लगाउने र कर्तव्य पालनाको सिलसिलामा परिचय पत्र सम्बन्धित व्यक्तिलाई देखाउनु पर्नेछ ।

५४. विभागीय कारबाही र सजाय हुनेः (१) कर अधिकृत वा कर प्रशासनसँग सम्बन्धित कुनै कर्मचारीले कर तिर्नु बुझाउनु पर्ने दायित्त्व भएको व्यक्ति वा करदातालाई हानि नोक्सानी पुऱ्याउने, करको दायित्त्व घटीबढी गर्ने, समान अवस्थामा करदाता बीच असमान व्यवहार गर्ने, कुनै करदातालाई अनुचित फाइदा पुऱ्याउने वा करदाताबाट आफ्नो वा अरु कसैको निजी स्वार्थ पूर्ति गर्ने उद्देश्यले कुनै काम गरेमा वा कानून

CamScanner

बमोजिम गर्नु पर्ने काम समयमा नगरी दुःख वा हैरानी दिएमा सम्बन्धित व्यक्तिले प्रदेश कर कार्यालयको प्रमुख समक्ष उजुर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुर परेमा कर कार्यालयको प्रमुखले आवश्यक छानबिन गरी सम्बन्धित कर्मचारीको सेवा सम्बन्धी कानून बमोजिम आफूलाई कारबाही गर्ने अधिकार भएको विषयमा आफैंले कारबाही गर्ने र कारबाही गर्ने अधिकार नभएको विषयमा विभागीय कारबाहीको लागि प्रदेश कर प्रमुख समक्ष पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको उजुरी सम्बन्धमा छानबिन गर्न प्रदेश कर प्रमुखले छानबिन समिति गठन गरी प्रतिवेदन लिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम छानबिन र कारबाही गर्दा प्रमाण नष्ट हुन सक्ने भएमा प्रदेश कर प्रमुखले त्यस्तो कर अधिकृत वा अन्य कर्मचारीलाई सम्बन्धित सेवा सम्बन्धी कानून बमोजिम निलम्बन गर्न सक्नेछ ।

(५) उपदफा (३) बमोजिम छानबिन गर्दा प्रचलित कानून बमोजिम अनुचित कार्य वा लापरबाही गरेको कुरा खुल्न आएमा प्रदेश कर प्रमुखले निजलाई विभागीय कारबाही गर्नेछ।

(६) यस दफा बमोजिमको छानबिन गर्ने र कर अधिकृतको जिम्मेवारीबाट अलग राख्ने निलम्बन अवधि तीन महिनाभन्दा बढी हुने छैन ।

५५. <u>पुरस्कृत गर्न सक्ने</u>: (१) आर्थिक मामिला तथा योजना मन्त्रालयले यथार्थपरक र विश्वसनीय रुपमा तथा कानूनले तोकेको म्यादभित्र कर विवरण बुझाउने, लागेको कर दाखिला गर्ने र कर अधिकृतले अनुरोध गरेका सूचना उपलब्ध गराउने उत्कृष्ट करदाताहरुलाई प्रत्येक वर्ष पुरस्कार दिने व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने पुरस्कार सम्बन्धी अन्य व्यवस्था प्रदेश कर विभागले निर्धारण गरे बमोजिम हुनेछ ।

५६. <u>म्याद, हदम्याद नजाने</u>: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम म्याद वा हदम्याद गणना गर्दा देहायको अवधि बाहेक गणना गरिनेछः-

(क) अदालतबाट स्थगन वा कर अधिकृत वा अन्य सरकारी निकायबाट रोक्का वा स्थगन भएको अवधि,

CamScanner

(ख) पुनरावेदन गरेकोमा पुनरावेदन तहको अन्तिम निर्णय भएको जानकारी प्राप्त नभएसम्मको अवधि ।

५७. परिपत्रः (१) यस ऐनको कार्यान्वयनमा एकरुपता ल्याई कर प्रशासनलाई सरल बनाउन र कर कार्यालय लगायत यस ऐनबाट प्रभावित हुने व्यक्तिलाई मार्गनिर्देशन दिन प्रदेश कर विभागले यस ऐनमा भएका व्यवस्थाको सम्बन्धमा व्याख्या सहित लिखित परिपत्र जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी गरिएका परिपत्र सर्वसाधारणको जानकारीका लागि विभिन्न माध्यमबाट सार्वजनिक गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम जारी गरिएको कुनै परिपत्र रद्द नभएसम्म लागू हुनेछ ।

५८. नियम बनाउने अधिकारः यो ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

५९. बचाउः यो ऐन र यस अन्तर्गत बनेका नियमहरुमा लेखिएका कुराहरुमा सोही बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

⊗⊗⊗

CamScanner